धनगढी उप-महानगरपालिका
३ नं. वडा कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल।

प.सं.: २०८३/०८४

च.नं.:

☎ ०९१-४१०४०२

✉ dhangadhisubmetro.ward3@gmail.com

प्रकाशित मिति: २०८३/०५/०५

## सूची दर्ता गर्ने सम्बन्धी सूचना।

यस कार्यालयका लागि आर्थिक वर्ष २०८३/८४ मा आवश्यक पर्ने तपशिल बमोजिमका मालसामान तथा सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त दर्तावाला, व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार मौजुदा सूची दर्ताका लागि सोही नियमावलीको अनुसूची–२ क, बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन। प्राप्त हुन आएका निवेदनहरू अध्ययन गरी दर्ता गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

### तपशिल

| (क) खरिद तथा आपूर्ति | (ख) मर्मत तर्फ |
|---|---|
| • कार्यालय सामान, मसलन्द तथा स्टेशनरी | • विद्युतीय उपकरण मर्मत |
| • छपाई सम्बन्धी कार्यहरू | • सवारी साधन (दुई र चार पाङ्ग्रे) मर्मत |
| • फर्निचर तथा फर्निसिङ सम्बन्धी कार्यहरू | • दराज, कुर्सी, टेबल लगायत फर्निचर मर्मत |
| • इलेक्ट्रोनिक्स उपकरणहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, स्क्यानिङ मेसिन, प्रोजेक्टर, सि.सि.टि.भी., सडकबत्ती जडान आदि) | • कार्यालय भवन मर्मत तथा निर्माण सम्बन्धी कार्यहरू<br>• धारा बाथरुम मर्मत सम्बन्धी कार्य |
| • विद्युतीय सामान खरिद तथा आपूर्ति | **(ग) सेवा तथा परामर्श सेवा तर्फ** |
| • कार्यालयको सरसफाई सम्बन्धी सामानहरू | • परामर्श सेवा (अध्ययन, सर्वेक्षण, अनुसन्धान) |
| • विज्ञापन तथा सूचना प्रकाशन, प्रसारण तथा प्रचार प्रसार | • तालिम/कार्यक्रम |
| • मेशिनरी तथा औजारका सरसामानहरू | • इन्टरनेट सेवा |
| • धारा बाथरुम लगायत हार्डवेयरका सामान तथा फिटिङ्ग | • सफ्टवेयर निर्माण तथा आपूर्ति सम्बन्धी सेवा |
| • कृषि औजार, बिउ बिजन, विषादी, फलफूलको बेर्ना, मौरीघार आदि | • श्रव्य दृश्य सामग्री निर्माण, प्रकाशन तथा प्रसारण |
| • पशु सेवा सम्बन्धी आवश्यक पर्ने औषधीहरू | • रेडियो तथा पत्रपत्रिका मार्फत सूचना प्रचार तथा प्रसारण |
| • स्वास्थ्य सामग्री, नेपाल सरकारले तोके बमोजिम औषधी, प्रयोगशाला सामग्री (केमिकल, आयुर्वेदिक औषधी तथा उपकरण, आँखा सम्बन्धी औषधी, उपकरण) | • कार्यालय सुरक्षा तथा सरसफाई |
| • सर्जिकल सामग्री आदि | |

### निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू

- संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्रको छायाँप्रति।
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको छायाँप्रति।
- आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति।
- प्रचलित कानून बमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्वं घोषणा निवेदन।
- आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्रको छायाँप्रति।

कृष्ण बहादुर बोहरा
प्रशासकीय अधिकृत